त्रिभुवन विश्वविद्यालय

# श्री जनप्रकाश बहुमुखी क्याम्पस

लेखनाथ-१, कास्की

## पाँच वर्षे रणनीतिक योजना

(२०७४-२०७९)

## Five Years Srategic Plan

## (2017-2022)

# खण्ड-एक

## संस्थागत परिचय

वि.सं. २०६२ साल अषाढ २३ गते श्री जनप्रकाश बहुमुखी क्याम्पस व्यवस्थापन समितिले यस क्षेत्रमा स्नातक तहको क्याम्पस संचालन गर्न आवश्यक ठानी स्थानीय वुद्धिजीवी, समाजसेवी, शिक्षासेवीहरुको भेलाद्वारा निर्णय भई यस जनप्रकाश बहुमुखी क्याम्पसको स्थापना गर्न बान्छनिय भएकाले यस क्षेत्रमा क्याम्पस स्थापना गर्ने प्रस्ताब त्रिभुवन बिश्वबिद्यालयमा पेश भएको हो । मिति २०६२ श्रँवण १८ गते त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदबाट निर्णय भई २०६२।४।२६ गते व्यबस्थापन संकायको सम्वन्धन प्राप्त गरी यस क्याम्पसले आफ्ना शैक्षिक कार्यक्रमहरु अघी बढाएको छ । त्यस्तै मिति २०६२ साल भाद्र २० गते व्यवस्थापन संकाय अन्तर्गत बी.बी.एस. कार्यक्रमको सम्वन्धन प्राप्त गरी अध्यापन गराउन सुरु गरेको यस क्याम्पसले सर्वशुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । यस क्याम्पसमा पोखरा-लेखनाथ बरपरका क्षेत्रसाथै कास्की को पुर्बीक्षेत्र , स्याङ्गजा, तनहु, लम्जुङ्ग, वाग्लुङ्ग आदि जिल्लाबाट आएका विद्यार्थीहरुले शिक्षा लिइ रहेका छन् । नाफा रहित उद्देश्यका साथ सामुदायिक क्याम्पसको रुपमा स्थापित यस क्याम्पसले विश्वविद्यालयल अनुदान आयोगबाट नियमित लगाएत भौतिक पूर्वाधार विकासमा विभिन्न अनुदानहरु प्राप्त गरिरहेको छ । यस क्षेत्र ग्रामीण क्षेत्रको परिबेसमा रहेको र शहरीकरण उन्मुख भएकोले विशेष गरी कृषक, मजदुर तथा न्यून आय भएका परिवारका विद्यार्थीहरुले नै यस क्याम्पसमा अध्ययन गर्दै आएका छन् । क्याम्पसलाई आफ्नै जग्गा जमिन तथा भौतिक संरचनाको आवश्यकता महशुस गरी यस क्याम्पसको नाममा भोकाधिकार हुने तात्कालिन लेखनाथ नगर पलिका बाट भोकाधिकार कने प प्राप्त भएको छ । हाल उक्त जग्गामा विश्वविद्यालय अनुदान आयोग र नेपाल सरकार तथा बिभिन्न निकाय हरुको सहयोगमा अनुदान प्राप्त गरी भवन समेत निर्माण भई केही कक्षा कोठामा पठ्न पाठन भईरहेको छ भने केही निर्माणाधिन अबस्थामा छन । यस क्याम्पस ले **Quality Education for All** भन्ने नाराका साथ गुणस्तरीय शिक्षा प्रदान गर्दै समाजमा स्थापित हुँदै गएको छ । क्याम्पसको संक्षिप्त परिचय निम्नानुसार रहेको छ ।

नाम : **जनप्रकाश बहुमुखी क्याम्पस**

ठेगाना : पोखरा लेखनाथ महानगर पलिका -२९, भण्डारढिक, कास्की

स्थापना मिति : २०६२/०४/०२६ संचालन मिति : २०६२/०५/२०

जग्गा प्राप्ती २०६८।१२।२७ जग्गा को भोकाधिकार : २०६८।१२।३०

भवन को शिलन्यांस: २०७०।०३।१७ सोमबार बिहान ९.४५

आफ्नै भवनमा कक्षा संचालन: २०७३।७२२ बुधवार

भवनको उद्घाटन: २०७३ पौष २९ गते शुक्रबार

| संकाय | तह | स्वीकृति मिति | सम्बन्धन दिने निकाय | कैफियत |
|---|---|---|---|---|
| व्यवस्थापन | स्नातक तह, (वी.वी.एस्) | २०६२/०४/२६ | त्रिभुवन विश्वविद्यालय | चार वर्षे |

## भौतिक पूर्वाधार

१. जग्गा जमिन :

- आफ्नो स्वमित्वमा भोकाधिकार भएको करिब १० रोपनी जग्गा

२. भवन :

- २ तला ढलान र भुई तलामा कक्षा संचालन रहेको, प्रथम तला क्रमागत रुपमा निर्माणाधिन
- क्याम्पसको आफ्नै स्वामित्वमा भएको २ तला ढलान भएको ७ कोठा

३. अन्य :

- भलिवल, व्याटमिन्टन लगायतका खेल मैदान
- शुद्ध खानेपानी
- छात्रा शौचालयको व्यवस्था, छात्र सौचालयमा भौतिक निर्माण सम्पन्न तर सामान जोडन बांकी

४. विद्यार्थी संख्या :

- वी.वी.एस् तर्फ १६९

५. जनशक्ति :

- शिक्षक संख्या १४ जना
- कर्मचारी संख्या २ जना
- सुरक्षा गार्ड संख्या छैन

६. अतिरिक्त क्रियाकलाप :

- प्रत्येक वर्ष खेलकुद सप्ताह (पौषको अन्तिम हप्ताभलिवल, फुटवल, रस्सा कस्सी, दौड, रिले, व्याटमिन्टन, टेवलटेनिस, लमजङ्ग, सटफुट आदि)
- बौद्धिक कार्याक्रम(हाजिरी जवाफ, उधोग तथा व्यपार सम्बन्धी छलफल)

# खण्ड-दुई

## संस्थागत अवस्था विश्लेषण

बाह्र वर्ष पहिले स्थापित यस क्याम्पसमा आफ्नै सवल र दुर्वल पक्षहरु अझपनि विद्यमान रहेका छन् । यसका सवल पक्षहरुलाई अवलम्बन गरी यसका सम्भावना प्रति अग्रसर हुनुपर्ने आजको वास्तविकता हो । यस कारण क्याम्पसका आफ्ना राम्रा अवसर, सम्भावना र चुनौतिहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### २.१ सवल पक्षहरु

- आफ्नै स्वमित्वमा रहेको जग्गा जमिन साथै भवन,
- पर्याप्त कक्षाकोठा, फर्निचर, स्टाफ कक्ष, शौचालय, खेलकुद मैदान, पार्किङ सुविधा
- क्याम्पसका आफ्नै पूर्णकालीन शिक्षक तथा कर्मचारीहरू
- क्याम्पसको आफ्नै विधान, विनियमद्वारा संचालन भै रहेको,
- प्राध्यापक तथा कर्मचारीहरुलाई वृत्ति विकासका लागि समय सापेक्ष तालिम तथा गोष्ठीहरुमा सहभागिताको अवसर साथै पदोन्नतिको व्यवस्था,
- पर्याप्त अध्ययन कक्ष समेतको पुस्तकालयमा करिव ६६९ पुस्तकहरु,
- अतिरिक्त क्रियाकलापको समुचित प्रवन्ध भएको,
- त्रि.वि. सँग नबाझिने गरी तयार गरिएको क्याम्पसको आफ्नै शैक्षिक क्यालेण्डर, प्रोस्पेक्टस,
- प्राज्ञिक उन्नयनका लागि क्याम्पसका शिक्षकहरुबाट नियमित जर्नल प्रकाशन,
- क्याम्पस भित्र राजनैतिक, विवाद, पूर्वाग्रह नहुनु
- क्याम्पसको सर्वाङ्गीण विकासका लागि प्रतिवद्ध, सामाजिक, प्राज्ञिक व्यक्तिहरुको संचालक समिति,
- त्रि.वि.द्वारा लिइने वार्षिक परीक्षामा छिमेकी सामुदायिक क्याम्पसहरुको भन्दा उत्कृष्ट शैक्षिक नतिजा तथा त्रि.वि.को उत्तीर्ण प्रतिशत भन्दा बढी प्रतिशतमा नतिजा हासिल गर्न सफल,
- प्रशासनिक तथा लेखा कार्य कम्प्युटर सफ्टवयरको प्रयोग गरी सु-व्यवस्थित गरिएको,
- विद्यार्थीहरुको बुझाइ तथा मूल्याङ्कनका लागि आन्तरिक परीक्षाको व्यवस्था,
- शिक्षण सिकाइलाई प्रभावकारी बनाउका लागि पाठ्यक्रम अनुसार मल्टिमिडिया प्रोजेक्टरबाट अध्यापन,
- अतिरिक्त ज्ञानका लागि इन्टरनेट सहितको कम्प्युटर ल्याव,
- अङ्ग्रेजी तथा नेपाली माध्यमका कक्षाहरु,
- दक्ष तथा अनुभवी प्राध्यापकहरु,
- शान्त र रमणिय स्थानमा अवस्थित क्याम्पस,
- क्याम्पसका सरोकारवाला तथा विभिन्न दातृनियकाहरुबाट सहयोग सद्भाव प्राप्त
- विद्यार्थीहरुको नेतृत्व विकास र प्रतिभाहरुलाई प्रस्फुटनका लागि विद्यार्थीहरुबाट मञ्चको गठन गरी सामाजिक, बौद्धिक लगायतका अतिरिक्त क्रियाकलपाहरुको संचालन,

- क्याम्पसमा विद्यार्थीहरुको युवा रेडक्रस सर्कल गठन गरी रक्तदान, गोष्ठि लगायतका कार्यक्रमहरुको संचालन,

## २.२ कमजोर पक्षहरु

- विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको लागि क्याम्पस हाताभित्र चमेना गृह नभएको,
- छात्र हरुको लागी सौचालय नभएको
- विद्यार्थीहरुको यातायात सुविधाका लागि क्याम्पसको आफ्नै सवारी साधन नभएको,
- छात्रावासको व्यवस्था नभएको,
- क्याम्पसको आफ्नै सुविधायुक्त खेलमैदान (फुटवल, क्रिकेट) नभएको,
- क्याम्पसको जगेडा कोष नहुनु,

## २.३ अवसर र सम्भावनाहरु

- शैक्षिक कार्यक्रम विस्तार अन्तगर्त विभिन्न संकाय तर्फ थप विषयहरु संचालन गर्न सकिने,
- स्नातकोत्तर तहका विभिन्न संकायका कार्यक्रमहरु संचालन गर्न सकिने,
- प्राज्ञिक उन्नयनका लीग विभिन्न अध्ययन अनुसन्धानमुलक कार्यशाला गोष्ठीहरु संचालन गरी शैक्षिक गुणस्तरलाई थप मजबुत गर्न सकिने,
- निरन्तर आर्थिक स्रोतको रुपमा संरक्षक संस्थाबाट सहयोग प्राप्त गर्न सकिने,
- क्याम्पसको आफ्नै सुविधायुक्त खेलमैदान (फुटवल, क्रिकेट) नभएता पनि नजिकै रहेको प्रस्तावित लेखनाथ रंगशाला ~~निर्माणाधीन~~ क्याम्पसको खेल मैदानमा सम्झौत गरी खेल कार्यक्रमहरु संचालन गर्न सकिने,


## २.४ चुनौतिहरु

- क्याम्पसमा हाल संचालित संकायहरुमा विद्यार्थीहरुको आर्कषणमा कम हुनु,
- विदेशी विश्वविद्यालयहरुबाट सम्वन्धन प्राप्त निजी क्याम्पसहरुको अस्वस्थ प्रतिशपर्धा,
- भौतिक संरचना निर्माण तथा शैक्षिक कार्यक्रम विस्तारका लागि प्रर्याप्त आर्थिक जगेडा कोष नहुनु,
- सुविधायुक्त छात्रावासको व्यवस्था गर्न नसकिएको,

## २.५ संस्थागत विकासका लागि प्राथमिकताका क्षेत्रहरु

- संस्था सुदृढीकरण र सुशासन
- शैक्षिक कार्यक्रम विस्तार र गुणस्तर वृद्धि
- सुविधा सम्पन्न भौतिक संरचना निर्माण कार्यलाई सम्पन्न तथा विस्तार
- विद्यार्थीको पहुँच तथा सुविधामा वृद्धि
- अनुसन्धान मुलक जर्नल प्रकाशन, अभिलेखीकरण कार्यसंचालन,
- दिगो आर्थिक स्रोतको व्यवस्थापन,
- सरोकारवाला पक्ष र संस्थाहरुसँग सुमधुर सम्वन्ध विस्तार,
- मानव संशाधन व्यवस्थापनका लागि आवश्यक तालिम, क्षमता वृद्धि कार्यक्रम,

# खण्ड-तीन
# क्याम्पसको प्रशासनिक ढाँचा



## ३.१ क्याम्पसमा सञ्चालित कार्यक्रम तथा विषयहरु

स्थापना काल २०६२ सालमा २६ जना विद्यार्थीबाट सञ्चालन भएको यस क्याम्पसमा हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातक तहका कार्यक्रमहरु संचालन भइरहेका छन् । जस अन्तर्गत व्यवस्थापन संकायतर्फ चार वर्षे बी.बी.एस कार्यक्रममा वित्तशास्त्र, लेखाशास्त्र र बजारशास्त्र विषयमा भैरहेको छ ।

## ३.२ क्याम्पसको भौतिक अवस्थावारे संक्षिप्त जानकारी

यस क्याम्पसले स्थापनाकालदेखि करीब एधार बर्ष जनप्रकाश उच्च मा बि को भवनमा कक्षा संचलन गर्दै आएको थियो । २०७३ सालको कार्तिक मा अफ्नै स्वामित्वमा रहेको यसै भवनमा आफ्ना शैक्षिक एवं प्रशासनिक कामकाजहरू गर्दै आएको छ । विभिन्न निकायहरुसमक्ष अनुदान सहयोगका लागि पनि क्याम्पसको आफ्नै भोकाधिकार रहेको स्वामित्वमा जग्गा हुनुपर्ने यथार्थलाई मनन् गरी यस क्याम्पसले जनप्रकाश मा बिको सहमती तथा सिफारीसमा तात्कालिन लेखनाथ नगर पलिका र हालको लेखनाथ नगरपलि ले भोकाधिकार दिएको जग्गामा संचालनमा रहेको कुरा सर्वविदितै छ । उक्त जग्गामा विश्वविद्यालय अनुदान आयोग, स्थानिय बिकास मंत्रालय, लेखनाथ नगर पालिका कार्यलय, सांसद बिकास कोष को रकम जिल्ला बिकास समिती कास्की मार्फत, स्थानिय चन्दा सहयोग तथ आन्तरिक स्रोत को परिचालन बाट प्राप्त अनुदान रकम खर्च गरी सुबिधा सम्पन्न भवन निर्माणाधिन अबस्थामा छ । भुई तलामा पठन पाठन संचालन भईरहेको र प्रथम तलामा केही महिनापछी बांकी रहेको काम सम्पन्न गरी पठन पाठन संचालन गरिनेछ । त्यसका लागी स्रौतको खोजी भईरहेको छ ।

हाल सञ्चालित भवनमा ९ कोठा रहेका छन् जसमध्ये पुस्तकालय, कम्प्युटर ल्याब, प्रशासन, लेखा, स्टाफ कक्ष गरी जम्मा ३ वटा प्रयोग भएका छन् भने बाँकी पठनपाठन कार्यकालागि प्रयोग गरिएको छ । कक्षा कोठाको अभावका कारण प्रशासनिक कक्ष व्यवस्थित गर्न सकिएको छैन भने पुस्तकालयको लागि पुस्तक भण्डार तथा अध्ययन कक्ष सानो भएको महशुस गरि गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिबाट कोठा तथा हल माग गरी भुइतलामा स्थानान्तरण गरिएको छ । नपुग भएका कक्षा कोठाहरु जनप्रकाश मा बि मा संचालन गरिएको छ ।

## ३.३ क्याम्पसको आर्थिक अवस्था

क्याम्पस संचालनको प्रमुख आयस्रोत विद्यार्थीबाट लिइने शुल्क हो । उक्त आम्दानी दैनिक प्रशासनिक एवम् तलब भत्ताको लागि समेत पर्याप्त नभएकाले श्री गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिबाट अनुदान प्राप्त गरी क्याम्पस संचालन भइरहेको व्यहोरा अवगत नै छ । क्याम्पसको नियमित संचालन गरिने कार्यका लागि समेत यथेष्ट स्रोत नभएकोले भौतिक पूर्वाधार निर्माणका लागि क्याम्पस व्यवस्थापन समिति तथा विभिन्न निकायहरुमा अनुरोध सहित विभिन्न पहल गर्नु परेको छ । यस समितिले आ.व. २०७३/०७४ को अनुमानित आय व्यय पारित गरी कार्य संचालन गर्ने प्रबन्ध मिलाईएको छ । क्यम्पसल प्रशासनिक खर्च, तलब भक्ता र भवन निर्माण गरी विभिन्न शिर्षकमा बजेट बिनियोजन गर्दछ । यस क्याम्पसको मुख्य चुनौतिको रुपमा रहेको आर्थिक समस्यालाई समाधान गर्नका लागि सम्बन्धित सबैको विशेष ध्यान जान जरुरी देखिएको छ ।

## ३.४ शिक्षक , कर्मचारी तथा विद्यार्थीहरूको विवरण

क्याम्पस सञ्चालन गर्नका लागि क्याम्पसको विधान, विनियमअनुसार स्थायी, अस्थाई पूर्णकालिन र आंशिक शिक्षक तथा कर्मचारीहरुको व्यवस्था गरिएको छ । यस आ.व.मा क्याम्पसमा कार्यरत शिक्षक तथा १

**शिक्षक तर्फ :**

| क्र.सं. | विषय | किसिम | संख्या |
|---|---|---|---|
| १ | व्यबस्थापन | पूर्णकालिन | २ |
| २ | वित्तशास्त्र | पूर्णकालिन | १ |
| ३ | अंग्रेजी | आंशिक | १ |
| ४ | बणिज्य कानुन | आंशिक | १ |
| ५ | अर्थशास्त्र | पूर्णकालिन/आंशिक | १/१ |
| ६ | व्यबस्थापन | आंशिक | ४ |
| ७ | तथ्याङ्कशास्त्र | आंशिक | १ |
| ८ | लेखाशास्त्र | पूर्णकालिन | १ |
| | जम्मा | | १३ |

**कर्मचारी तर्फ :**

| क्र.सं. | शाखा | किसिम | संख्या |
|---|---|---|---|
| १ | लेखा | पूर्णकालिन | १ |
| २ | श्रेणीविहिन | मासिक ज्यालादारी | १ |
| | जम्मा | | २ |

**विद्यार्थी तर्फ :**

क्याम्पस सञ्चालनको प्रमुख आधारनै विद्यार्थी हुन् । क्याम्पसले विद्यार्थीहरुलाई प्रदान गर्ने गुणस्तरीय शिक्षा छात्रवृत्ति लगायत अन्य कुनै पनि सेवा र सुविधामा आफ्नो साधान र स्रोतले भ्याएसम्म लागिपरेको छ । आगामी दिनमा पनि अझ गुणस्तरीय शिक्षा प्रदान गर्न क्याम्पस प्रतिवद्ध छ । आर्थिक वर्ष २०७३/०७४ मा क्याम्पसका विद्यार्थी विवरणहरु निम्न लिखित रहेका छन् ।

| वर्ष | वी.वी.एस् | जम्मा |
|---|---|---|
| प्रथम | ६६ | ६६ |
| द्वितीय | ३६ | १०२ |
| तृतीय | ३० | १३२ |
| चौथो बर्ष | २२ | १५४ |
| जम्मा | १५४ | |

## जनप्रकाश बहुमुखी क्याम्पसको बास्तबिक बिद्यार्थी भर्ना तथा परिक्षामा समेल भएको बिद्यार्थी रेकर्ड

| भर्ना बर्ष | प्रथम बर्ष भर्ना बिद्यार्थी | T.U रजिष्ट्रेशन भएका बिद्यार्थी | परिक्षामा सामेल भएका बिद्यार्थी | | | | जम्मा बिद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २०६९ | ८० | | प्रथम बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चैथो बर्ष | | |
| २०७० | ५७ | ४७ | ६८ | ४९ | ३१ | | १४८ | बल्खु प नि का बाट ट्रिप्लीकेट उपलब्ध नभएको |
| २०७१ | ६४ | ५९ | ३९ | ६१ | ३२ | | १५७ | बल्खु प नि का बाट ट्रिप्लीकेट उपलब्ध नभएको |
| २०७२ | ५८ | ५५ | ४९ | ३० | ३७ | | १२५ | |
| २०७३ | ६८ | ५७ | ५५ | ३५ | ३० | २२ | १५५ | |
| २०७४ | १०३ | ९८ | १०३ | ३७ | २३ | २७ | १९० | २०७४।०९।१५ सम्म |

पुनस्च:

१ २०७० सालमा भर्ना बिद्यार्थी संख्या जम्मा १४८

२ २०७१ म भर्ना बिद्यार्थी संख्या जम्मा १५७

३ २०७२ सालमा भर्ना बिद्यार्थी संख्या जम्मा १२५

४ २०७३ मा बिद्यार्थी संख्या जम्मा १५५

JANAPRAKASH MULTIPLE CAMPUS
Pokhara-29, Bhandardhik, Kaski

### ३.५ नतिजा विश्लेषण :

क्याम्पस सञ्चालनको प्रमुख उद्देश्य गुणस्तरीय शिक्षा प्रदान गरी राष्ट्र निर्माणमा योगदान दिन सक्ने दक्ष जनशक्ति उत्पादन गर्नुहो । यसका लागि गुणस्तरीय नतिजा प्रदान गर्नका लागि क्याम्पसले समय समयमा आन्तरिक परीक्षाको समेत व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७२/०७३ मा यस क्याम्पसबाट त्रि.वि.वि.द्वारा लिइने वार्षिक परीक्षामा सहभागी नियमित तथा आंशिक विद्यार्थी उत्तीर्ण संख्याको विवरण र प्रतिशत निम्न अनुसार रहेको छ ।

| वर्ष | सहभागी | उत्तीर्ण | प्रतिशत |
|---|---|---|---|
| वी.वी.एस् प्रथम | १२९ | २७ | २०.९३ |
| वी.वी.एस् द्वितीय | ७९ | २० | २५.३२ |
| वी.वी.एस् तृतीय | ५३ | ९ | १६.९८ |
| वी.वी.एस् चौथो बर्ष | २२ | नतिजा आऊन बाकी | |

### ३.६ वर्तमान परिवेश अनुसार भावि क्रियाकलाप

#### ३.६.१ क्याम्पसमा सञ्चालन गरिने विषयहरु

क्याम्पसमा हाल सञ्चालनमा रहेका विषयहरुमा विद्यार्थीहरुको कम आकर्षण भएका कारण कतिपय विषयहरुमा विद्यार्थी संख्या अत्यन्त न्यून भएकाले आगामी दिनहरुमा विद्यार्थीका आर्कषण रहेका तथा पेशागत विषयहरु थप गरिनेछ । व्यवसायिक विषयहरु थप गरिने छ । मूख्यतय पर्यटकिय नगरी पोखरा लेखनाथ लगायत पश्चिमाञ्चल क्षेत्रकै आवश्यकता पुरा गर्ने गरी व्यवसायीक तथा पेशागत विषयहरु/संकायहरु थप गर्ने उद्देश्य अनुरुप केहि विषयहरु जस्तै होटल व्यवस्थापन, सूचना व्यवस्थापन लगायत विषयका लागि त्रिभुवन विश्वविद्यालयमा आशय पत्र पेश गरिएको छ । उक्त विषयहरुको अनुमतिका लागि थप प्रयास गरिनेछ । आगामी ५ वर्ष भित्रमा स्नातक तहका कम्तीमा २ कार्यक्रम तथा स्नातकोत्तर तहको कम्तीमा १ संकाय/कार्यक्रम थप गरी कक्षा सञ्चालन गरिने छ ।

#### ३.६.२ भौतिक संरचना

क्याम्पसले उपलब्ध जग्गा र भवनमा आगमी ३ वर्ष भित्रमा सुविधासम्पन्न क्याम्पसको आफ्नपूर्ण आकारको नक्सामा डिजाईन गरे आनुसार निर्माणाधिन भवनको निमार्ण कार्य पुरा गरी शैक्षिक तथा प्रशासनिक कार्यहरु उक्त भवनबाट सञ्चालन गरिनेछ साथै नवनिर्मित भवनमा विर्याथीका लागि आवश्यक चमेनागृह व्यवस्थीत पुस्तकालय, खेल मैदान आदीको शुनिश्चतता गरिने छ ।

#### ३.६.३ आर्थिक अवस्था

क्याम्पसको दैनिक तथा प्रशासनिक कार्य सञ्चालनमा समेत नियमित आम्दानीको स्रोत प्रर्याप्त नभएको अवस्थामा थप आम्दानीको स्रोत पहिचान तथा प्राप्तिमा क्याम्पस सञ्चालक समिति थप सक्रिय हुनेछ । दिगो आम्दानीको लागी यस क्याम्पसले नयां कुनै स्थायीस्रोतको खोजी गर्नु पर्ने आबस्यकता महशुस गरिएको छ । यसका लागी क्याम्पसका उपाध्यक्ष ज्यूको अध्यक्षतामा ५ सदस्यीय उपसमिती गठन गरिएको छ ।

### ३.६.४ शिक्षक कर्मचारी सम्वन्धि व्यवस्था

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको उत्प्रेरणा र सन्तुष्टि विना कार्य सम्पादन प्रभावकारी नहुने हुँदा कर्मचारीको वृत्ति विकासमा विशेष कार्यक्रम अगाडी बढाइने छ । पूर्णकालिन शिक्षक तथा कर्मचारीहरुलाई क्रमश : स्थायी बनाउने, आवश्यकता अनुसार कार्य सम्पादनको आधारमा नीति नियम बनाइ पदोन्नती गरिनेछ भने योग्य तथा सक्षम व्यक्तिहरुको आकर्षक कार्य क्षेत्रको रुपमा क्याम्पसलाई विस्तार गरिने छ । प्राध्यापक तथा कर्मचारी लाई आगमी ५ वर्ष भित्रमा एक तिहाइ पूर्णकालिन शिक्षक कर्मचारीहरुलाई स्थायी प्रकृयामा लगिने छ । प्रध्यापक तथा कर्मचारी लाई पुर्णकालिन र स्थायी गराउदा क्याम्पसमा अगाडी प्रवेश गरेका, पहिले पुर्णकालिन भएका लाई स्थायी गरिनेछ । साथै त्रि.बि.बि ले निर्धारण गरे बमोजिम न्यूनतम वेतनको व्यवस्था गरिनेछ । वृत्ति विकासका निम्ति आवश्यक तालिम तथा अध्ययन मार्फत योग्यता वृद्धि तर्फ समेत क्याम्पसले ध्यान दिनेछ ।

### ३.६.५ विद्यार्थी संख्या

क्याम्पस सञ्चालनको प्रमुख आधार विद्यार्थी संख्या भएकाले विद्यार्थी संख्या वृद्धिका लागि थप पहल गरिने छ । आगामी ५ वर्ष भित्रमा विद्यार्थीको संख्या ६०० (छसय) भन्दा माथि पुऱ्याइने छ । यसका लागि समुदायको चाहना बमोजिम विषय तथा संकाय थप गरिने छ भने सूचना प्रसारण तथा प्रचारप्रसारलाई थप जोड दिइने छ । र विद्यार्थीका सुविधा जस्तै छात्रवृत्ति, पुस्तकालय, अतिरिक्त क्रियाकलाप, आधुनिक शिक्षण विधी आदीमा वृद्धि गरिने छ ।

### ३.६.६ भौतिक संरचना

आगामी ५ वर्षमा पहिलो रणनीतिक योजनाका अन्तिममा क्याम्पसमा सुविधा सम्पन्न प्रविधियुक्त कक्षाकोठाहरु, खेल मैदान, चमेनागृह, पुस्तकालय, ल्याव लगायत आवश्यकता अनुसार भौतिक पूर्वाधार पुरा तयार गरिनेछ । उक्त कार्यका लागि निर्माणाधिन भवनको सम्पन्न तथा सहयोगी नियकाबाट निमार्ण हुने भवनको निमार्ण कार्यलाई तिव्रता दिइनेछ । उक्त भवन अपाङ्ग मैत्री हुनेछ ।

### ३.६.७ गुणस्तर वृद्धि

क्याम्पसमा सञ्चालित कार्यक्रमहरु प्रतिस्पर्धी क्याम्पसहरुको भन्दा अझ गुणस्तरीय र नतिजामुखी बनाउनको लागि यसै वर्ष देखि थप पहल गरिनेछ । पाठयोजना सहितको पठन पाठन, श्रव्यदृष्य सामाग्रीको प्रयोग, इन्टरनेटमा सम्पूर्ण विद्यार्थीको पहुँच तथा आवश्यकताअनुसार थप कक्षा सञ्चालन यसै वर्ष देखि लागू गरिनेछ । आगामी ५ वर्षमा नतिजाको स्तर औषतमा ६० प्रतिशत भन्दा माथि पुऱ्याइनेछ । अनुसन्धानमा लाग्नु हुने शिक्षक कर्मचारी तथा विद्यार्थीलाई थप प्रोत्साहन गरिनेछ भने आवश्यकता अनुसार क्याम्पसबाट आर्थिक सहयोग उपलब्ध गराइनेछ । आगामी वर्ष देखि नतिजाको आधारमा शिक्षकहरुलाई पुरस्कार तथा दण्ड सजाय दुवैको व्यवस्था गरिनेछ । अनुसन्धान कार्यमा लाग्ने शिक्षकहरुलाई लघु अनुसन्धानका कार्यक्रमहरु समेत सञ्चालन गरिनेछ ।

खण्ड-चार

# दृष्टि, अभियान, लक्ष्य र उद्देश्य

## ४.१ VISION (दृष्टि)

यस जनप्रकाश बहुमुखी क्याम्पस यस क्षेत्रको उत्कृष्ट एवम् बहुआयमिक क्याम्पसको रुपमा पोखरा लेखनाथ क्षेत्रमा स्थापित हुनेछ र गुणस्तरिय शिक्षाको हिसाबले बिधार्थीको पहिलो रोजाई मा यस क्यामपस रहनेछ ।

(JPMC shall be established as one of the best renowned educational institution providing multidisciplinary course at Pokhara Lekhanath valley & the first choice of students will be JPMC at Pokhara Valley.)

## ४.२ MISSION (अभियान)

जनप्रकाश बहुमुखी क्याम्पस किफायती र उचित मूल्यमा समुदायको लागि गुणात्मक स्नातक र स्नातकोत्तर तहको शिक्षा प्रदान गर्न स्थापना भएको संस्था हो। हामी सामाजिक कार्यकर्ता र विज्ञहरुको संयुक्त सहभागिता द्धारा शिक्षा मार्फत शिक्षित समुदाय, समाज र राष्ट्रको बिकास गर्न प्रतिबद्ध छौ ।

(JPMC is an institution established to provide qualitative undergraduate and graduate level education for community, at affordable and reasonable cost. We are committed to develop educated community, society and nation through education by joint participation of social activist & academicians.)

## ४.३ GOALS (लक्ष्यहरु )

जनप्रकाश बहुमुखी क्याम्पसले उल्लेखित मिसन र भिजन प्राप्तिका लागि देहाय बमोजिमका लक्ष्य राखिएको छ ।

- क्याम्पसलाई स्नातक तहमा रोजगार मुलक एवम् प्राविधिक विपयहरु थप गरी उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा स्थापित गर्ने ।
- स्नातकोत्तर तहमा विषयहरु थप गरी कक्षाहरु सञ्चालन गर्ने,
- क्याम्पसलाई आफ्नै दिर्घकालिन आय स्रोतको पहिचान गरी आर्थिक रुपमा सवल बनाउने ।
- क्याम्पसले प्रदान गर्दै आएको शिक्षालाई अझ गुणस्तरीय र व्यवस्थित गर्दै नजितामुखी बनाउने ।
- विश्वविद्यालय अनुदान आयोग, गुणस्तर मापन तथा प्रत्यायन शाखाद्वारा आव्हान भए बमोजिम गुणस्तर मापन तथा प्रत्यायन ( Quality Assurance and Accreditation or QAA) प्रमाण पत्र प्राप्त गर्ने ।

## ४.४ उश्द्देश्यहरु (Objectives)

क) प्रतिस्पर्धी, दक्ष र सक्षम जनशक्ति उत्पादन गर्ने ।

ख) शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारी बनाउने ।

ग) शिक्षक तथा कर्मचारीको व्यवसायीक दक्षता वृद्धि गर्ने ।

घ) विद्यार्थीलाई अध्ययन गर्न सुविधायुक्त भवनको व्यवस्था गर्ने ।

ङ) व्यवस्थित पुस्तकालय, खेलमैदान, प्रयोगशाला, चमेनागृह लगायत भौतिक पूर्वाधारको उचित व्यवस्था गर्ने ।

च) अनुसन्धान केन्द्रित शिक्षण सिकाइ वातावरण सिर्जना गर्ने ।

छ) शिक्षण सिकाइ प्रकृयालाई आधुनिक र प्रभावकारी बनाउने ।

ज) खोज अनुसन्धान प्रति विद्यार्थी एवम् शिक्षक, कर्मचारीलाई अभिप्रेरित गर्ने ।

झ) विद्यार्थी भर्ना दर वृद्धि गरी क्याम्पसलाई उच्च शैक्षिक केन्द्रको रुपमा स्थापना गर्ने ।

ञ) विद्यार्थीका गुनासा एवम् सुझावहरु प्रशासनद्वारा मनन गरी समाधान गर्ने ।

ट) संस्थाको प्रशासनिक र आर्थिक पक्षलाई चुस्तदुरुस्त बनाउने ।

# खण्ड-पाँच

# रणनीतिक योजना

स्थापना कालदेखि क्याम्पस आफ्नै विधान र विनियममा आधारीत भएर विभिन्न शैक्षिक प्रशासनिक तथा आर्थिक कार्यहरु संचालन गर्दै आएको छ । समय सापेक्ष यसको वृद्धि विकास गर्नका लागि योजनावद्ध कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी आगामी पाँच वर्ष सम्मको नीति तथा कार्ययोजना सहितको पञ्चवर्षिय रणनीतिक योजना तयार गरी कार्यक्रमहरु अगाडी बढाउनु पर्ने भएकाले विभिन्न सरोकार वालाहरुको सुझाव तथा सम्वन्धित विषय विशेषज्ञहरुको सहभागितामा क्याम्पस प्रसाशनको नेतृत्वमा यो "पञ्च वर्षिय रणनीतिक योजना- २०७४" तयार गरिएको छ ।

## ५.१ आवश्यक नीति नियमको तर्जुमा

यस क्याम्पसको स्थापना 'जनप्रकाश  बहुमुखी क्याम्पस- विधान २०६५' बमोजिम सञ्चालन भएको छ । उक्त विधानको परीधिमा रहि शिक्षक कर्मचारी विनियम र आर्थिक विनियम तयार गरि लागू गरिएको छ । क्याम्पसबाट गरिने सम्पूर्ण क्रियाकलापहरु उक्त विधान र विनियमको परीधि भित्र रही सम्पादन गरिएका छन् । आफ्नै जनशक्ति उत्पादन गर्ने उद्देश्य अनुरुपको नीतिनियम तर्जुमा गरी अध्ययन तथा अनुसन्धानको लागि शिक्षक कर्मचारीलार्य प्रोत्साहन गर्ने किसिमको विनियम तथा नितिहरु तर्जुमा गरिनेछ । यस बाहेक यो क्याम्पस लाई मार्गनिर्देशनका लागी त्रि.बि नियमाबली, निर्णयहरु र बिश्वविद्यालय अनुदान आयोगले गरेको उच्प्रेरणा लाई अनुसरण गरिनेछ ।

### ५.१.१ नीति नियमको पुनः संरचना तथा शंसोधन

विद्यमान विधान र विनियमको परीधिभित्र रहि आवश्यकता विद्यमान विनियमको शंसोधन गरिने छ ।

### ५.१.२ साझेदारी रणनीति

यस क्याम्पसको दिगो सञ्चालनका लागि सबै साझेदारहरु संग सुमधुर र सम्बन्ध कायम गरिनेछ । लेखनाथ उधोग बाणिज्य संघ तथ अन्य सस्थाहरु जस्तै पोखरा लेखनाथ माहानगर पलिका कार्यलय, बडा कार्यलय आदी संगको सहयोगको निरन्तरताका लागि सम्वन्ध अझ प्रगाढ बनाइने छ ।

### ५.१.३ संघ संस्थासँगको सम्वन्ध

यस क्याम्पस त्रि.वि.बाट सम्वन्धन प्राप्त भएकाले मुख्य साझेदारी संस्था त्रि.वि.नै रहने छ । साथै स्थानिय रुपमा स्थापित विभिन्न शैक्षिक तथा सामाजिक संघसंस्थाहरुसँग हातेमालो गर्दै  यस क्याम्पस पनि स्थानिय स्तरमा आफ्नो छवीलाई उच्च बनाउन लागि पर्ने छ । प्राथमिकताका आधारमा निम्न संघसंस्थाहरुको सम्वन्ध थप उचाइमा पुर्‍याउन आवश्यक कदम अगाडी बढाइने छ ।

- ❖ त्रिभुवन विश्वविद्यालय
- ❖ विश्वविद्यालय अनुदान आयोग

- ❖ आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पसहरु
- ❖ स्थानियक निकायहरु
- ❖ छिमिकी र प्रसिद्धी कमाएका विभिन्न सामुदायिक क्याम्पसहरु
- ❖ नेपाल पब्लिक क्याम्पस संघ
- ❖ जनप्रकाश मा बि र अन्य सबै छिमेकी मा.वि.हरु
- ❖ अन्य शैक्षिक संस्थाहरु
- ❖ स्थानिय स्तरमा रहेका सामाजिक संस्थाहरु

### ५.१.४ रणनीतिक योजना Strategic Plan को औचित्य

क. क्याम्पस स्थापना र संचालनको अभियानलाई सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा लक्ष्यसम्म पुऱ्याउन यसले ठोस योगदान पुऱ्याउनेछ।

ख. क्याम्पसका दीर्घकालिन , अल्पकालिन र आवधिक योजना र कार्यक्रमहरुको कार्य सम्पादन/ कार्यान्वयनको प्रभावकारीता बृद्धि गर्ने छ।

ग. क्याम्पसको शैक्षिक कार्यक्रम विस्तार, गुणस्तर वृद्धि , प्रशासनिक क्षमता अभिवृद्धि र विद्यार्थी पहुँच तथा सेवा विस्तारका लागि उपयुक्त नीति तर्जुमा गर्न दिशा निर्देश गर्ने छ।

घ. क्याम्पसका चुनौतिलाई सामना गर्दै सम्भावना र अवसरलाई साकार पार्ने क्षमता अभिवृद्धि गर्ने छ।

ङ. क्याम्पसलाई आवश्यक पर्ने साधान र स्रोत जुटाउन विशेष योगदान पुऱ्याउने छ।

च. क्याम्पसलाई भौतिक रुपले सम्पन्न पार्नका लागि आवश्यक पर्ने संरचनाहरु निर्माण र साधनहरु खरिदका लागि आवधिक योजना निर्माणमा मद्दत गर्ने छ।

छ. क्याम्पसलाई उत्कृष्ट सामुदायिक शैक्षिक केन्द्रको रुपमा विकास गर्न सामाजिक आधार तयार गर्ने छ।

### ५.१.५ रणनीतिक योजनाका उद्देश्यहरु

क. क्याम्पसको शैक्षिक कार्यक्रम विस्तार र गुणस्तर अभिवृद्धि गर्न

ख. क्याम्पसलाई संस्थागत रुपमा उचित व्यवस्थापन सुदृढिकरण र कार्य सम्पादन क्षमताको विकास गर्न

ग. मानवसंशाधनको समुचित् प्रवन्ध र क्षमता वृद्धि सम्वन्धि कार्यक्रम सञ्चालन गर्न

घ. सरोकार वालाहरुको सहकार्यमा क्याम्पसको सर्वाङ्गीण विकास गर्न

ङ. क्याम्पसलाई उच्च शैक्षिक केन्द्रको रुपमा विकास गर्न स्थानिय साधान र स्रोतको पहिचान र परिचालन गर्न

च. विश्वविद्यालय लगायत अन्य दातृ निकायहरुबाट प्राप्त सहयोग र अनुदानबाट सञ्चालित कार्यक्रमहरुलाई सु-व्यवस्थित गर्न तथा बजेटको सदुपयोग गर्न

### ५.१.६ रणनीतिक योजनाका प्राथमिकताका क्षेत्रहरु

यस क्याम्पसको पहिलो ५ वर्षे रणनीतिक योजनाको प्रमुख उद्देश्य क्याम्पसमा शैक्षिक भौतिक अवस्थाको सुधार र वृद्धि गरी संस्थालाई दिर्घकालिन सुदृढिकरण गर्नु साथै दक्ष र रोजगारी मुलक शिक्षा प्रदान गर्नु हो । यसबाट समाज र राष्ट्रलाई समेत योगदान पुग्ने छ भन्ने अपेक्षा राखिन्छ ।

रणनीतिक योजनाका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार रहेका छन् ।

क. शैक्षिक गुणस्तरमा वृद्धि

ख. भौतिक पूर्वाधार निर्माण र विस्तार

ग. संस्थागत सुदृढिकरण तथा सुसाशन

घ. अनुसन्धान प्रकाशन र अभिलेखीकरण

ङ. विद्यार्थीहरुको पहुँच विस्तार र विकास

च. मानव संसाधन व्यवस्थापन तथा समावेशीकरण

### ५.१.७ रणनीतिकयोजनाका मूल्य मान्यता र सिमाहरु

- यो योजना ५ वर्षको अवधिका लाग तयार गरीएको छ । यो योजना निर्माण/ तयार गर्न सहभागिताको सिद्धान्त अवलम्बन गरीएको छ । यसमा सवै सरोकारवालाहरुको सहभागिता जुटाइएको हुँदा यो साझा रणनीतिक योजना बन्न पुगेको छ ।
- यो योजना निर्माण गर्दा क्याम्पसको सम्पूर्ण वस्तुगत अवस्था र तथ्यको सुक्ष्मता विश्लेषण गरी भावी दिशा पहिल्याउने जमर्को भएको छ ।
- यो योजना निम्न प्रतिकुल परिस्थितिमा मात्र कार्यान्वयन हुनबाट प्रभावित हुने छ ।

  क. क्याम्पस विघटन भएमा

  ख. सरकारी शिक्षा नीति र कार्यक्रममा पूर्ण परिवर्तन आएमा

  ग. राज्यमा विपत आई क्याम्पस अनिश्चित कालका लागि बन्द भएमा

  घ. प्राकृतिक विपत्तिबाट ठूलो धनजनको क्षति भइ क्याम्पस प्रभावित भएमा

  ङ. देशमा राजनैतिक परिवर्तन सहित राज्य पुर्नसंरचनाका एवम् प्रादेशिक पुन संरचनाका कारण क्याम्पस र उच्च शिक्षा सञ्चालन व्यवस्थापन आदिमा परिवर्तन भएमा ।

**मान्यताहरु**

- सामुदायिक तथा नाफा रहित क्याम्पस
- सरोकारवालाहरूको सहभागिता र नेतृत्वमा सञ्चालन
- कानूनी वैधता प्राप्त स्वायत्त संस्था
- प्रचलित ऐन नियम भित्र रही आफ्नै विधान र नियमावलीद्वारा सञ्चालित
- दुरदर्शी एवम् प्रतिवद्ध सञ्चालक समिति
- शुलभ गुणस्तरीय उच्च शिक्षा प्रदान कटिवद्ध
- समय सापेक्ष समुन्नत समाज निर्माण अभियानमा प्रतिवद्ध

- पारदर्शी, जवाफदेही, अनुशासित, उत्तरदायी शिक्षक तथा कर्मचारीद्धारासञ्चालित क्याम्पस
- सर्वसाधरण विद्यार्थीहरूको पहुँच भित्रको शैक्षिक संस्था
- त्रि.वि.बाट सम्वन्धन प्राप्त सामुदायिक क्याम्पसको रुपमा स्थापित संस्था
- विश्वविद्यालय अनुदान अयोगमा सूचिकृत भई नियमित अनुदान समेतप्राप्त गरेको संस्था
- सुलभ र गुणस्तरीय शिक्षा प्रदान गर्न प्रतिवद्ध संस्था
- भौतिक संरचना र आर्थिक स्रोत व्यवस्थापनमा निरन्तर प्रगतिमुखी संस्था

## ५.२ जनप्रकाश बहुमुखी क्याम्पसको रणनीतिक योजना २०७४-०७९ का प्राथमिकताका क्षेत्रहरू

### ५.२.१. शैक्षिक गुणस्तरमा वृद्धि

**लक्ष्य :** क्याम्पसले प्रदान गर्दै आएको शिक्षालाई अझ गुणस्तरीय र व्यवस्थित गर्दै नजितामुखी बनाउने ।

**उदेश्यहरु :**

- शिक्षण सिकाइ कियाकलायको गुणस्तर बृद्धी गर्ने ।
- प्रतिस्प्रर्धी दक्ष र सक्षम जनशक्तिको उत्पादन गर्ने ।
- प्रध्यापकहरुलाइ क्षमता अभिबृद्धी गर्न बिभिन्न खोज अनुसन्धान मुलक तालिम तथा गोष्ठीको व्यबस्था गर्ने ।
- यस क्षेत्रका बिधार्थीहरुलाइ स्थानीय स्तरमा इच्छाएको बिषयमा गुणस्तरीय शिक्षा र शिप प्रदान गरि अन्तराष्ट्रिय स्तरमै प्रतिशपर्धी जनशक्ति उत्पादन गर्ने ।
- निरन्तर र आवधिक परीक्षा मूल्याङ्कन र विश्लेषण गरी विद्यार्थीलाई पृष्ठपोषण गर्ने ।
- नतिजा सुधारका लागि कार्यरत शिक्षकहरुलाई प्रोत्साहन गर्ने,

**कार्ययोजनाहरु :**

- वार्षिक कार्य तालिका तयार गरी अध्ययन अध्यापन कार्यलाई व्यवस्थित गरिने छ ।
- आवधिक रुपमा विद्यार्थीहरुको ल्याकत परीक्षण गर्नका लागि त्रैमासिक रुपमा आन्तरिक परीक्षा लिइने छ ।
- विद्यार्थीको ल्याकत परीक्षाको नतिजाको समिक्षा गरी पृष्णपोषण गर्ने ।
- विभिन्न खोज अनुसन्धान मूलक तालिम र गोष्ठिको संचालन गरी शिक्षक तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्ने अवसर प्रदान गरीने छ ।
- सैदान्तिक ज्ञानलाई व्यवहारिक ज्ञानमा उतार्नका लागि आवश्यकता अनुसार विद्यार्थीहरुलाई विभिन्न स्थानहरुमा स्थलगत अध्ययन अवलोकन गराइने छ ।
- सुविधायुक्त पुस्तकालय र प्रयोगशालाको व्यवस्था र संचालन गरिनेछ ।
- आधुनिक शैक्षिक सामाग्रीहरुको प्रवन्ध गरिनेछ ।
- श्रव्य, दृष्य प्रविधिको प्रयोग गरी शिक्षक सिकाईलाइ थप प्रभावकारी बनाइने छ ।
- विद्यार्थीहरुको OJT ( on the Job Training) तथा Internship को व्यवस्था गरिनेछ ।

Shree Jana Prakash Multiple Campus
Lekhnath-1, Bhandardhik

### ५.२.२. भौतिक पूर्वाधार निर्माण र विस्तार

**लक्ष्य :** आफ्नै स्वामित्मको/भोकाधिकार भएको जग्गामा सुविधा सम्पन्न भवन निर्माण गरी विद्यार्थीलाई अध्ययन, अध्यापनमा सहजता ल्याउने ।

**उद्देश्यहरू :**

- विद्यार्थीहरुलाई अध्ययन गर्न सुविधायुक्त भवनको व्यवस्था गर्नु
- व्यवस्थित पुतकालय, खेलकुद मैदान, प्रयोगशाला आदीको व्यवस्थापन गर्नु
- क्याम्पस परीसर भित्र बागबगैचा र प्रतिक्षालय निर्माण गरी शान्त र स्वच्छ शैक्षिक वातावरण प्रदान गर्नु
- सफा स्वच्छ पिउने पानी, चमेनागृह, पार्किङ स्थल निर्माण गरी शिक्षक कर्मचारी तथा विद्यार्थीहरुलाई सुविधा प्रदान गर्नु
- अतिथि कक्षको व्यवस्था गरी क्याम्पसको अतिक्ति खर्चको नियन्त्रण गर्नु,

**कार्ययोजनाहरु :**

- क्याम्पसको भौतिक संरचना निर्माण कार्यका लागि निर्माणाधिन भवनलाई क्रमागत निर्माण गरिने छ ।
- सहयोगी निकायमा प्रस्तावपेश गरी प्रस्तावित भवन निर्माण कार्यलाई थप पहल गरी निर्माण सम्पन्न गर्नका लागि उन्मुख भइने छ ।
- आगामी तिन वर्ष भित्रमा आवश्यक कक्षाकोठाको व्यवस्था गरी स्नातकोत्तर तहका कार्यक्रमहरु संचालन गर्नका लागि पूर्वाधार तयार गरिनेछ ।
- पुस्तकालयका लागि ई-लाईब्रेरीको व्यवस्था गरीने छ । छात्र-छात्राहरुका लागि आवश्यकता अनुसार शौचालय निर्माण गरीने छ।

### ५.२.३. संस्था सुदृढीकरण र सुशासन

**लक्ष्य :** क्याम्पसमा पहिचान भएका सुधारका पक्षहरुलाई सुधार गर्दै कार्यरत जनशक्तिलाई सक्षम र सवल बनाउने ।

**उद्देश्यहरू :**

- संस्थाको प्रशासनिक तथा आर्थिक पक्षलाई चुस्त दुरुस्त बनाउने
- प्राध्यापक तथा कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न अवसरहरू उपलब्ध गराउनु
- प्रभावकारी मूल्याङ्कन अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक प्रवन्ध गर्नु,
- क्याम्पसको विधान बमोजिम रहेका सम्पूर्ण अङ्गहरुलाई थप क्रियाशिल बनाउनु,

**कार्ययोजनाहरू :**

- वार्षिक बजेट तयार गरी सोहि अनुरुपे कार्यहरू सञ्चालन गरिने छ ।
- आर्थिक विनियमले व्यवस्था गरे बमोजिम आर्थिक कारोवारहरुको आवधिक मूल्याङ्कन तथा परीक्षण गर्नका लागि आर्थिक उप समतिलाई थप जिम्मेवार बनाइने छ ।
- कार्यसम्पादन कार्यलाई प्रभावकारी बनाउनका लागि कर्मचारी तथा शिक्षकहरूलाई थप क्षमता अभिवृद्धि गर्ने अवसर प्रदान गरिनेछ ।

Shree Jana Prakash Multiple Campus
Lekhnath-1, Bhandardhik

### ५.२.४. अनुसन्धान प्रकाशन र अभिलेखीकरण

**लक्ष्य :** प्राज्ञिक उन्वयन, शैक्षिक गुणस्तर वृद्धि स-व्यवस्थित अभिलेख, सूचना प्रणालीद्वारा क्याम्पसको आन्तरिक क्षमता वृद्धि गरी वाह्य प्रभाव र सेवा विस्तार गर्ने ।

**उद्देश्यहरु :**

- शैक्षिक गुणस्तर वृद्धिका लागि आधार तयार गर्नु,
- अध्ययन अनुसन्धानका माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन,
- अध्ययन अनुसन्धानको शिप र क्षमताको विकास गरी शिक्षक तथा कर्मचारीहरुलाई उच्च तह अध्ययनका लागि प्रोरीत गर्ने ,
- सामान्य स्तरको अनुसन्धानमा विद्यार्थीहरुलाई प्रयोग गरी उनीहरुको सिप र क्षमतालाई वृद्धि गर्दै लैजान,
- क्याम्पसका नियमति कार्यक्रम, कार्यतालिका तथा अन्य आन्तरिक गतिविधि प्रकाशनका माध्यमबाट सार्वजनिक गर्न ,
- विद्यार्थी, प्राध्यापक र कर्मचारीहरुको लेखन क्षमतालाई विकास गरी क्याम्पसलाई प्राज्ञिक केन्द्रको रुपमा विकसित गर्नु

**कार्ययोजनाहरु :**

- क्याम्पसले शैक्षिक कार्य तालिका प्रोस्पेक्टसलाई शैक्षिक सत्रको प्रारम्भमै प्रकाशन र वितरण गर्ने,
- अनुसन्धानात्मक जर्नल Interdisciplinary Studies को थालनी गर्ने ।
- यसै शैक्षिकसत्र देखि नियमति रुपमा अनुसन्धान मुलक कार्याशाला गोष्ठिहरुको वार्षिकरुपमा क्याम्पसमा आयोजना गर्ने ।
- विद्यार्थीहरुको लेख रचना अनुसन्धान सहितको पत्रिका प्रकाशनको कार्यलाई आगामी वर्षदेखि सुरु गरी निरन्तरता गरिनेछ ।
- क्याम्पसको आफ्नै वेभ साइट निर्माण गरी क्याम्पसका सूचना, सामाग्री र क्रियाकलापहरुलाई विश्व व्यापी रुपमा सार्वजनिक गराइनेछ ।

### ५.२.५. विद्यार्थीहरुको पहुँच विस्तार र विकास

**लक्ष्य :** उच्च शिक्षामा पिछडिएका वर्ष, जाति, समूह, लिङ्ग आदीका विद्यार्थीहरुलाई अधिकतम पहुँच विस्तार गरी गुणस्तरीय शिक्षाको माध्यमबाट आर्थिर सामाजिक क्षेत्रमा उत्थान गर्दै लैङ्गिक विभेद उन्मुलन गर्न ठोस योगदान गर्ने,

**उद्देश्यहरु :**

- विद्यार्थी भर्नादर वृद्धि गरी क्याम्पसलाई उच्च शैक्षिक केन्द्रको रुपमा स्थापित गर्न,
- प्राविधिक र गुणस्तरीय शिक्षाको प्रवन्ध मिलाई राजधानी र विदेश अध्ययनका लागि जाने विद्यार्थीहरुका लागि स्थानिय स्तरमै सर्व सुलभ मूल्यमा उचित शिक्षाको वातावरण मिलाउन,
- विद्यार्थीहरुको समग्र व्यक्तित्व विकासका लागि अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न,
- विद्यार्थीका गुनासा एवम् सुझावहरुलाई क्याम्पस प्रशासन समक्ष सहज रुपमा प्रस्तुत गर्न,
- क्याम्पसले हाल प्रदान गर्दै आएको छात्रवृत्ति सुविधालाई अझ प्रभावकारी ढङ्गले संचालन गर्न,

- नव आगन्तुक विद्यार्थीहरुलाई विद्यार्थी मञ्च र प्राध्यापक संघ मार्फत शैक्षिक वातावरणका लागि सहजीकरण गर्न,

**कार्ययोजनाहरु :**

- क्याम्पसको शैक्षिक कार्यक्रम र कार्यतालिका, शैक्षिक वातावरण, सुविधाहरु र अन्य विवरणयुक्त ब्रोसर, शैक्षिक क्यालेण्डर र विज्ञापनहरु शैक्षिक सत्रको पूर्व सन्ध्यामा व्यापक रुपमा वितरण गरिनेछ ।
- विद्यार्थीहरुका लागि सहजता प्रदान गर्न हेल्प डेक्स खडा गरी प्राध्यापकहरुको परामर्श समूहद्वारा क्याम्पसको अध्ययन/अध्यापन बारे जानकारी दिइनेछ ।
- क्याम्पसमा नव आगन्तुक विद्यार्थीहरु लाई विद्यार्थी मञ्चको माध्यमबाट क्याम्पसको वातावरण, शैक्षिक विषयका वारेमा जानकारी प्रदान गर्नका लागि छुट्टै संयत्र निर्माण गरिनेछ ।
- क्याम्पसले प्रदान गर्दै आएको छात्रवृति कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि त्यस सँग सम्बन्धित कार्यबिधि र मापदण्ड तयार गरि सुचना पाटीमा टाँस गरिनेछ ।
- विद्यार्थीका गुनासा एवम् सुझावहरु संकलन गर्नका लागि सुझाव पेटीका राखि प्राप्त गुनासा र सुझावलाई व्यवस्थित रुपमा समाधान गर्नकालागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।
- विद्यार्थीहिरुको प्रतिभा प्रस्फुटनका लागि तयारी पारिएको वार्षिक कार्यतालिका अनुसार अतिक्ति क्रियाकलापहरु संचालन गरी पुरस्कार समेतको व्यवस्था गरिने छ ।

### ५.२.६. मानव संसाधन व्यवस्थापन तथा समावेशीकरण

**लक्ष्य** : क्याम्पसमा दैनिक अध्यापन तथा प्रशासनिक कार्यलाई चुस्त दुरुस्त एवम् प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने दक्ष जनशक्ति व्यवस्थापन गर्ने ।

**उदेश्यहरु :**

- शिक्षक तथा कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्नका लागि आवश्यक तालिम र अध्ययनको प्रवन्ध मिलाउन,
- शिक्षण सिकाई क्रियाकलाप साथै क्याम्पसबाट प्रवाह गरिने सेवालाई गुणस्तरीय बनाउन,
- विषयगत पाठ्यभारका आधारमा आवश्यक दक्ष जनशक्तिको व्यवस्थागर्न,
- नियुक्ति गरिने जनशक्तिलाई समावेसी प्रतिनिधिको अवधारण लागू गर्न,

**कार्ययोजनाहरु :**

- कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि गर्नका लागि प्राप्त अवसरहरुमा सहभागी गराइनेछ ।
- क्याम्पसमा वार्षिक रुपमा कम्तीमा १ पटक क्षमता अभिवृद्धि सम्वन्धि अभिमुखी करण कार्यक्रम संचालन गरिनेछ ।
- आवश्यकता अनुसार शिक्षक तथा कर्मचारीहरुलाई छोटो तालिम तथा लामो अध्ययन विदाको अवसर प्रदान गरिने छ ।
- प्राध्यापक तथा कर्मचारीहरुलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा पदोन्नती पुरस्कार तथा दण्डको व्यवस्था गरीने छ ।
- विद्यार्थी संख्याको अनुपातलाई मध्ये नजर गरी थप पूर्णकालिन शिक्षकको व्यवस्था गरिनेछ । साथै पूर्णकालिन शिक्षक तथा कर्मचारीहरुलाई स्थायी गर्दै लगिनेछ ।

- प्राध्यापक तथा कर्मचारीहरुको कार्य क्षमता तथा वृत्ति विकासलाई उत्प्रेरीत गर्ने हेतुले आवधिक बढुवा, ग्रेडको व्यवस्था गरिने छ ।
- शिक्षक तथा कर्मचारीहरुको भर्ना, छनौट तथा पदस्थापन गर्दा यथासम्भवन समावेसीकरण गरिनेछ ।

**समाप्त**

**Appendix I** (अनुसूचि-एक)

# Logical Framework Analysis

# of Five Years Strategic Plan,

# 2017-2021

## पञ्चवर्षीय रणनितिक योजना

## (२०७४-२०७८)को बजेट सहित कार्यक्रम योजना

### १. शैक्षिक गुणस्तरमा वृद्धि

**लक्ष्य** : क्याम्पसले प्रदान गर्दै आएको शिक्षालाई अझै गुणस्तरी र नजिता मूखि बनाउने ।

**उद्देश्यहरू** :

- शिक्षण सिकाई क्रियालयपको गुणस्तर वृद्धि गर्ने
- प्रतिस्पर्धी दक्ष र सक्षम जनशक्ति उत्पादन गर्ने,
- प्राध्यापकहरुलाई क्षमता अभिवृद्धि गर्न खोज अनुसन्धान मूलक तालिम तथा गोष्ठिको व्यवस्था गर्ने,
- निरन्तर र आवधिक परीक्षा मूल्याङकन र विश्लेषण गरी विद्यार्थीलाई पृष्ठपोषण गर्ने,
- अध्ययनरत विद्यार्थीहरुलाई सम्वन्धित विषयबारे सिप मुलक तथा व्यवहारीक ज्ञान प्रदान गर्ने ।

## बजेट वितरण

| क्रियाकलाप | सूचक | हालको अवस्था | प्रस्तावित कार्यक्रमको अनुमानित खर्च (वार्षिक) | | | | | जम्मा | सहयोगी निकाय | मूख्या जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ | | | |
| १.श्रव्य दृष्य सहितको आधुनिक शिक्षण साम्रागीको प्रयोग | थपिएको हुनेछ | सुरु गरिएको | ७०००० | १५०००० | २५०००० | २५०००० | ३००००० | १०२०००० | UGC | क्याम्पस प्रशासन |
| २. तालिम तथा गोष्ठिको आयोजना | प्रदान गरिएको हुनेछ। | नियमित नभएको | ५०००० | १२०००० | १५०००० | २००००० | २००००० | ७२०००० | | क्याम्पस प्रशासन |
| ३. अनुसन्धान मुलक गोष्ठि | प्रदान गरिएको हुनेछ | आंशिक रुपमा भएको | ८०००० | १००००० | १२०००० | १५०००० | २००००० | ६५०००० | UGC | सम्वन्धित विभाग |
| ४. परीक्षा मूल्याङ्कन र विश्लेषण | प्रदान गरिएको हुनेछ | सुरु भएको | ७५००० | ९०००० | १२०००० | १५०००० | १५०००० | ५८५००० | | परीक्षा उप समिति |
| ५. शैक्षिक तथा अवलोकन भ्रमण | प्रदान गरिएको हुनेछ | सुरु भएको | १००००० | १००००० | १५०००० | १५०००० | १५०००० | ६५०००० | UGC | क्याम्पस प्रशासन |
| ६. कम्प्युटर तालिमको व्यवस्था | तालिम संचालन | नभएको | ४०००० | ४०००० | ५०००० | ६०००० | ६०००० | २५०००० | | सम्वन्धित विभाग |

**कार्यक्रमका उपलब्धिहरु :**

- सैद्धान्तिक ज्ञानलाई व्यवहारीक ज्ञान तर्फ उन्मुख हुनेछन्।
- विद्यार्थीहरुलाई शिक्षण सिकाइमा सहजता हुनेछ।
- शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादनमा प्रभावकारीता आउने छ।
- शिक्षक तथा कर्मचारीहरु खोज अनुसन्धान प्रति अभिप्रेरीत हुनेछन्।
- नियमित रुपमा विद्यार्थीहरुले आफ्नो प्रगति विवरणको पृष्ठपोषण प्राप्त गर्ने छन्।

Shree Jana Prakash Multiple Campus Lekhnath-1, Bhandardhik

## २. भौतिक पूर्वाधार निर्माण तथा विस्तार

**लक्ष्य** : क्याम्पसको आफ्नै स्वामित्वमा रहेको जग्गामा सुविधा सम्पन्न भवन निर्माण गरी अध्ययन अध्यापनमा सहजता ल्याउने ।

**उद्देश्यहरू :**

- विद्यार्थीहरुलाई सुविधायुक्त भवनको व्यवस्था गर्नु।
- व्यवस्थित पुस्तकालय तथा खेलमैदानको व्यवस्था गर्नु ।
- क्याम्पस परीसर भित्र बागबगैचा तथा प्रतिक्षालय निर्माण गरी स्वच्छ शैक्षिक वातावरण सिर्जन गर्ने ।
- स्वच्छ पिउने पानी, शौचालय तथा पार्किङ्ग स्थलको व्यवस्था गर्ने
- चमेनागृह तथा अतिथि कक्षाको व्यवस्था गर्ने ।

## बजेट वितरण :

| क्रियाकलाप | सूचक | हालको अवस्था | प्रस्तावित कार्यक्रमको अनुमानित खर्च | | | | | जम्मा | सहयोगी निकाय | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ | | | |
| १. भवन निर्माण कार्यलाई निरन्तरता गर्ने | निर्माण सम्पन्न भएको हुनेछ | सुरु भएको | १०००००० | ४६२०००० | | | | ५६२०००० | व्यवस्थापन समिति /UGC | निर्माण समिति |
| २. चमेना गृहको निर्माण | सम्पन्न भएको हुनेछ । | सुरु नभएको | | ३००००० | २००००० | | | ५००००० | पो ले माहानगर | निर्माण समिति |
| ३. स्वच्छ पिउने पानी, शौचालय तथा पार्किङ स्थल | उपलब्ध हुनेछ | भएको | | ६००००० | ५०००० | ५०००० | | ७००००० | | क्याम्पस प्रशासन |
| ४. क्याम्पसको परीसरमा पर्खाल तथा प्रतिक्षालय निर्माण | हुनेछ | नभएको | | | १०००००<br>० | ५००००० | | १५००००० | UGC | निर्माण समिति |
| ५. पुस्तकालय तथा खेल मैदान | हुनेछ | भएको | ५००००० | २००००० | १००००० | १००००० | २००००० | ११००००० | UGC | क्याम्पस प्रशासन |

**कार्यक्रमका उपलब्धिहरू :**

- सुविधा सम्पन्न भवनबाट अध्ययन अध्यापन कार्य सम्पन्न हुनेछ ।
- विद्यार्थीहरुलाई स्वच्छ पिउने पानी, शौचालय, चमेनार्गह, खेल मैदान आदीको व्यवस्था हुनेछ ।
- पुस्तकालय अझ व्यवस्थित हुनेछ ।
- क्याम्पस भवनमा पर्खाल तथा प्रतिक्षालयको व्यवस्था गरी शान्त शैक्षिक वातावरण उपलब्ध हुनेछ ।
- क्याम्पसमा आउनुहुने अतिथिहरुलाई आवासको व्यवस्था गरी संचालन खर्चमा कमी हुनेछ ।

Shree Jana Prakash Multiple Campus ★ Lekhnath-1, Bhandardhik ★

३. संस्था सुदृढिकरण तथा अनुशासन

**लक्ष्य** : क्याम्पसमा पहिचान भएका कमजोरीका पक्षलाई कार्यरत जनशक्तिलाई सक्षम र सवल बनाउने,

**उद्देश्यहरु** :

- संस्थाको प्रशासनिक तथा आर्थिक पक्षलाई चुस्त दुरुस्त बनाउने
- प्राध्यापक तथा कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न अवसरहरू उपलब्ध गराउनु
- प्रभावकारी मूल्याङ्कन अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक प्रवन्ध गर्नु,
- क्याम्पसको विधान बमोजिम रहेका सम्पूर्ण अङ्गहरुलाई थप क्रियाशिल बनाउनु,

## बजेट वितरण :

| क्रियाकलाप | सूचक | हालको अवस्था | प्रस्तावित कार्यक्रमको अनुमानित खर्च | | | | | जम्मा | सहयोगी निकाय | मूख्या जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ | | | |
| १. क्याम्पसको वार्षिक साधारणसभाबाट नीति तथा कार्यक्रमहरु बजेट सहित पारीत एवम् अध्यावधिक | निरन्तरता | भइरहेको | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | | क्याम्पस प्रमुख |
| २. प्राध्यापक तथा कर्मचारीहरुलाई व्यवस्थापन तथा सफ्टवयर सम्बन्धि तालिमको व्यवस्था | कार्य सम्पादनमा सहजता | नभएको | ५०००० | ७५००० | १५०००० | १५०००० | १५०००० | ५७५००० | | क्याम्पस प्रमुख |
| ३. अनुगमन समिति निर्माण र प्रभावकारी अनुगमन | समय समयमा अनुगमन गर्ने | नभएको | २०००० | ३०००० | ५०००० | ५०००० | १००००० | २५०००० | | क्याम्पस प्रमुख |
| ४. आर्थिक उप-समितिलाई थप क्रियाशिल बनाउने | क्रियासिल हुनेछन् | भइरहेको | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | | संचालक समिति |
| ५. निर्माण उप-समितिलाई थप क्रियाशिल बनाउने | क्रियासिल हुनेछन् | भइरहेको | २०००० | ४०००० | ३०००० | ३०००० | ३०००० | १५०००० | | संचालक समिति |
| शैक्षिक विकास तथा अनुसन्धान उप-समितिलाई थप क्रियाशिल बनानउे | क्रियासिल हुनेछन् | भइरहेको | २०००० | ३०००० | ३०००० | ४०००० | ४०००० | १६०००० | | संचालक समिति |
| ६. शैक्षिक अवलोकन भ्रमण संचालन गर्ने | गरिनेछ | नभएको | १००००० | १००००० | १५०००० | २००००० | २००००० | ७५०००० | | संचालक समिति |

Shree Jana Prakash Multiple Campus
Lekhnath-1, Bhandardhik

**कार्यक्रमका उपलब्धिहरू :**

- वार्षिक कार्य सम्पादनको लागि मार्गदर्शन प्रदान गर्नेछ ।
- कर्मचारीहरुको कार्य सम्पादनमा प्रभावकारीता आउनेछ । साथै दक्ष एवम् तालिम प्राप्त कर्मचारीहरुको प्रयोग हुनेछ ।
- अनुगमन समितिबाट प्राप्त सुझावद्वारा कार्य सम्पादनमा भएका कमिकमजोरीहरुलाई सुधार गर्ने मौका प्राप्त हुनेछ ।
- आर्थिक कारोवारहरुको अध्यावधिक हुनेछ । साथै आर्थिक पक्षमा पारदर्शी एवम् उत्तरदायित्व वहन हुनेछ ।
- आवश्यकता अनुसारको भौतिक निर्माण कार्य सम्पन्न हुनेछन् ।
- शैक्षिक विकासका लागि थप कार्य नीतिहरु तयार हुनेछन् साथै कार्यान्वयनमा सहयोग पुग्नेछ ।
- विभिन्न शैक्षिक संस्थाहरुको स्थलगत अवलोकन गरी सवल पक्षहरुको अनुशरण गर्न मद्दत पुग्नेछ ।

## ४. अनुसन्धान प्रकाशन र अभिलेखीकरण

**लक्ष्य** : प्राज्ञिक उन्वयन, शैक्षिक गुणस्तर वृद्धि स-व्यवस्थित अभिलेख, सूचना प्रणालीद्वारा क्याम्पसको आन्तरिक क्षमता वृद्धि गरी वाह्य प्रभाव र सेवा विस्तार गर्ने ।

**उद्देश्यहरु :**

- शैक्षिक गुणस्तर वृद्धिका लागि आधार तयार गर्नु,
- अध्ययन अनुसन्धानका माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन,
- अध्ययन अनुसन्धानको शिप र क्षमताको विकास गरी शिक्षक तथा कर्मचारीहरुलाई उच्च तह अध्ययनका लागि प्रोरीत गर्ने ,
- सामान्य स्तरको अनुसन्धानमा विद्यार्थीहरुलाई प्रयोग गरी उनीहरुको सिप र क्षमतालाई वृद्धि गर्दै लैजान,
- क्याम्पसका नियमति कार्यक्रम, कार्यतालिका तथा अन्य आन्तरिक गतिविधि प्रकाशनका माध्यमबाट सार्वजनिक गर्न ,
- विद्यार्थी, प्राध्यापक र कर्मचारीहरुको लेखन क्षमतालाई विकास गरी क्याम्पसलाई प्राज्ञिक केन्द्रको रुपमा विकसित गर्नु

Shree Jana Prakash Multiple Campus
Lekhnath-1, Bhandardhik

## बजेट वितरण :

| क्रियाकलाप | सूचक | हालको अवस्था | प्रस्तावित कार्यक्रमको अनुमानित खर्च | | | | | जम्मा | सहयोगी निकाय | मूख्या जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ | | | |
| १. क्याम्पसले नयां प्रोस्पेक्टस प्रकाशन गर्ने | प्रकाशन भइरहेको हुनेछ | ह्ाल छैन | ५०००० | ५०००० | ६०००० | ६०००० | ८०००० | ३००००० | UGC | प्रचार प्रसार उपसमिति |
| २. अनुसन्धान मुलक जर्नल प्रकासन गर्ने | प्रकाशन भइरहेको हुनेछ | ह्ाल छैन | ८०००० | १००००० | १२०००० | १५०००० | १५०००० | ६००००० | UGC | प्रकासन उप समिति |
| ३. अनुसन्धान मुलक कार्याशाला गोष्ठिको आयोजना | गरिएको हुनेछ | नभएको | १५०००० | २००००० | २००००० | २००००० | २००००० | ९५०००० | UGC | प्रकाशन उप समिति |
| ४. विद्यार्थीहरुको लेख रचना सहितको प्रत्रिका प्रकाशन | गरिएको हुनेछ | नभएको | ४०००० | ५०००० | ६०००० | ६०००० | ८०००० | २९०००० | UGC | प्रकाशन उप-समिति |
| ५. विद्युतीय प्रवृधिको प्रयोग गरी सूचना तथा जानाकारीलाई अभिलेख गर्दै सार्वजनिक गर्ने | गरिएको हुनेछ | नभएको | ६०००० | २०००० | २०००० | २०००० | २०००० | १४०००० | UGC | क्याम्पस प्रमुख |
| ६. क्याम्पसको वार्षिक कार्य योजना सहितको वार्षिक स्मारिका बुलेटीन प्रकाशन | गरिएको हुनेछ | नभएको | ५०००० | ५०००० | ६०००० | ६०००० | ६०००० | २८०००० | UGC | क्याम्पस प्रमुख |
| ७. लघु अनुसन्धान तथा प्रकाशन | गरिएको हुनेछ | नभएको | | १५०००० | २००००० | २००००० | २००००० | ७५०००० | | क्याम्पस प्रमुख |

Shree Jana Prakash Multiple Campus, Lekhnath-1, Bhandardhik

Shree Jana Prakash Multiple Campus
S P J C M
Lekhnath-1, Bhandardhik

**कार्यक्रमका उपलब्धिहरु :**

- क्याम्पसको प्रचार प्रसारमा टेवा पुग्नेछ ।
- कार्यरत शिक्षक कर्मचारीहरुमा खोजि गर्ने परीपाठीको विकास हुनेछ ।
- अनुसन्धान कार्यमा प्रभावकारीता आउनेछ । साथै कार्य क्षमतामा वृद्धि हुनेछ ।
- विद्यार्थीमा भएको प्रतिभाहरु प्रस्फुटन हुनेछ ।
- क्याम्सका सरोकारवालाहरु समक्ष सूचनाको पहुँच पुग्नेछ ।
- क्याम्पसका वार्षिक नीति तथा कार्यक्रमहरु सरोकारवालाहरु माझ जानकारी हुनेछ ।
- लघुअनुसन्धानमा टेवा पुग्नेछ ।

## ५. विद्‌यार्थीहरुको पहुँच विस्तार र विकास

**लक्ष्य** : उच्च शिक्षामा पिछडिएका वर्ष, जाति, समूह, लिङ्ग आदीका विद्‌यार्थीहरुलाई अधिकतम पहुँच विस्तार गरी गुणस्तरीय शिक्षाको माध्यमबाट आर्थिर सामाजिक क्षेत्रमा उत्थान गर्दै लैङ्गिक विभेद उन्मुलन गर्न ठोस योगदान गर्ने,

**उद्देश्यहरु :**

- विद्‌यार्थी भर्नादर वृद्धि गरी क्याम्पसलाई उच्च शैक्षिक केन्द्रको रुपमा स्थापित गर्न,
- प्राविधिक र गुणस्तरीय शिक्षाको प्रवन्ध मिलाई राजधानी र विदेश अध्ययनका लागि जाने विद्‌यार्थीहरुका लागि स्थानिय स्तरमै सर्व सुलभ मूल्यमा उचित शिक्षाको वातावरण मिलाउन,
- विद्‌यार्थीहरुको समग्र व्यक्तित्व विकासका लागि अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न,
- विद्‌यार्थीका गुनासा एवम् सुझावहरुलाई क्याम्पस प्रशासन समक्ष सहज रुपमा प्रस्तुत गर्न,
- क्याम्पसले हाल प्रदान गर्दै आएको छात्रवृत्ति सुविधालाई अझ प्रभावकारी ढङ्गले संचालन गर्न,
- नव आगन्तुक विद्‌यार्थीहरुलाई विद्‌यार्थी मञ्च र प्राध्यापक संघ मार्फत शैक्षिक वातावरणका लागि सहजीकरण गर्न,

# बजेट वितरण

| क्रियाकलाप | सूचक | हालको अवस्था | प्रस्तावित कार्यक्रमको अनुमानित खर्च | | | | | जम्मा | सहयोगी निकाय | मूख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ | | | |
| १. कार्यरत शिक्षक कर्मचारीहरुलाई प्रर्याप्त तालिमहरु अवसर प्रदान गरिनेछ। | तालिममा सहभागिता | प्रर्याप्त नभएको | ५०००० | ७०००० | ८०००० | १००००० | १००००० | ४००००० | | क्याम्पस प्रशासन |
| २. क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। | वार्षिक रुपमा कार्यक्रमको आयोजना | नभएको | १००००० | १५०००० | १५०००० | २००००० | २००००० | ८००००० | UGC | क्याम्पस प्रशासन |
| ३. शैक्षिक योग्यता तथा क्षमता अभिवृद्धि गर्नका लागि कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई अध्ययन विदा उपलब्ध गराइनेछ। | प्रबन्ध हुनेछ। | नभएको | | ५००००० | ६००००० | ७००००० | ९००००० | २७००००० | UGC | क्याम्पस प्रशासन |
| ४. शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ। | पुरस्कार तथा दण्डको अभिलेखबाट देखिनेछ | भएको | १५००० | २०००० | २०००० | ३०००० | ४०००० | १२५००० | | क्याम्पस प्रशासन |
| ५. आवश्यकता अनुसार पूर्णकालिन तथा स्याथी शिक्षक, कर्मचारहिरु थप गरिनेछ। | प्रवन्ध गरिनेछ | भएको | ४००००० | ५००००० | ५००००० | ६००००० | ६००००० | २६००००० | | संचालक समिति |
| ६. शिक्षक तथा कर्मचारीहरुको लागि कल्याणकारी तथा उपदान कोषको व्यवस्था गरिनेछ। | कोष स्थापना गरिएको देखिनेछ। | नभएको | ४०००० | २००००० | ३००००० | ४००००० | ५००००० | १४४०००० | | संचालक समिति |

Shree Jana Prakash Multiple Campus, Lekhnath-1

## ६. मानव संसाधन व्यवस्थापन तथा समावेशीकरण

**लक्ष्य** : क्याम्पसमा दैनिक अध्यापन तथा प्रशासनिक कार्यलाई चुस्त दुरुस्त एवम् प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने दक्ष जनशक्ति व्यवस्थापन गर्ने ।

**उद्देश्यहरु** :

- शिक्षक तथा कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्नका लागि आवश्यक तालिम र अध्ययनको प्रवन्ध मिलाउन,
- शिक्षण सिकाई क्रियाकलाप साथै क्याम्पसबाट प्रवाह गरिने सेवालाई गुणस्तरीय बनाउन,
- विषयगत पाठ्यभारका आधारमा आवश्यक दक्ष जनशक्तिको व्यवस्थागर्न,
- नियुक्ति गरिने जनशक्तिलाई समावेसी प्रतिनिधिको अवधारण लागू गर्न ।

## बजेट वितरण :

| क्रियाकलाप | सूचक | हालको अवस्था | प्रस्तावित कार्यक्रमको अनुमानित खर्च | | | | | जम्मा | सहयोगी निकाय | मूख्या जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ | | | |
| १. क्याम्पसको शैक्षिक कार्यक्रम, कार्यतालिका, ब्रोसर, शैक्षिक क्यालेन्डर व्यापक रुपमा वितरण | सम्वन्धित पक्षले प्राप्त गर्नेछन् | आंशिक रुपमा भएको | २०००० | ३०००० | ३०००० | ४०००० | ५०००० | १७०००० | | क्याम्पस प्रशासन |
| २. हेल्प डेक्स संचालन गरी नवआगन्तुक विद्यार्थीहरुमा सहजता दिने | उक्त सेवा संचालन हुनेछ | व्यवस्थित रुपमा नभएको | ५०००० | २०००० | २०००० | २५००० | २५००० | १४०००० | | क्याम्पस प्रशासन |
| ३. दलित, जनजाति, अपाङ्ग, छात्रा गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई छत्रवृत्ति प्रदान गरिनेछ। | विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्नेछन्। | प्रदान गरिएको | २००००० | २५०००० | ४००००० | ५००००० | ५००००० | १८५०००० | UGC, व्यबस्थापन समीती | छात्रावृत्ति उप समिति |
| ४. विद्यार्थीका गुनासाहरुलाई व्यवस्थित रुपमा निराकरण गरिने छ। | प्रवन्ध हुनेछ। | व्यवस्थित रुपमा नभएको | २०००० | १०००० | १०००० | १०००० | १०००० | ६०००० | | क्याम्पस प्रमुख |
| ५. अतिरक्ति क्रियाकलाप समितिलाई प्रभावकारी बनाई नियमित बनाउने | अतिरिक्त कार्यक्रम र वार्षिक तालिका | भएको | १००००० | १००००० | १५०००० | १५०००० | २००००० | ७००००० | | अतिरिक्त क्रियाकलाप संचालन समिति |

Shree Jana Prakash Multiple Campus, Lekhnath-1, Bhandardhik

**Appendix II** (अनुसूचि- दुई)

**रणनैतिक योजना तर्जुमा समिति :**

१. संयोजक : ऋषि राम बुढाथोकी

२ सदस्य : कृष्ण राम भण्डारी

३. सदस्य : अर्जुन ओझा

४. सदस्य : बिनोद राज पौडेल

५ सहयोगी : देबका अधिकारी (लेखापाल)

**सल्लाहकार :**

१. धनश्याम तिवारी (उप-प्राध्यापक, पोखरा विश्वविद्यालय)

२ मेजर, राम प्रसाद गुरुङ्ग व्यवस्थापन समिती प्रतिनिधी सदस्य

**SUMMARY OF**

**ACTION PLAN AND SRATEGY PLAN 2017-2021**

| | |
|---|---|
| 2017 | **ACTION PLAN FOR ACADEMIC DEVELOPMENT AND QUALITY ASSURANCE.**<br>• Work on QAA processing, conducting field visits to accredited and autonomous constituent and public campuses of Tribhuvan University across Nepal, and allocating workloads to its members for preparation of the SSR to be submitted to UGC.<br>• Form different committees to work on the application procedures for campus QAA procedure.<br>• Submission of five year strategic plan to UGC.<br>• Submission application to Tribhuvan University for additional professional programmes like Bachelor in Hotel Management and Bachelor in Information Management.<br>• Conduction two days research orientation cum workshop for the purpose of faculty development.<br>**ACTION PLAN FOR INFRASTRUCTURE DEVELOPMENT**:<br>• Completion of bridge to newly constructing campus premises<br>• Inauguration of Campus Academic Building with financial support by government agencies and UGC.<br>**ACTION PLAN FOR OTHERS:**<br>• Formation of campus web-site and its implementation.<br>• Formation of student grievance cell. |
| 2018 | **ACTION PLAN FOR ACADEMIC DEVELOPMENT AND QUALITY ASSURANCE.**<br>• Continuing on QAA processing, and drafting SSR form and submission at the end of this year.<br>• Introduce additional professional programmes like Bachelor in Hotel Management and Bachelor in Information Management.<br>• Development of required infrastructure for affiliation of Master's Programme.<br>**ACTION PLAN FOR INFRASTRUCTURE DEVELOPMENT**:<br>• Continue for construction of Campus Academic Building by internal sources.<br>• Completion of academic building "A "construction by own source.<br>**ACTION PLAN FOR OTHERS:**<br>• Starting mini research programme by the faculty.<br>• Continuing the publication of campus journal.<br>• Starting publication of Annual report.<br>• Other function guided by HERP. |
| 2019 | • Work with the Peer Review Team assigned by the UGC for its final recommendation to be made for QAA award.<br>• Introduce Master's programme. |
| 2020 | • Attain QAA certificate and continue working for higher education reform as per the QAA benchmarks.<br>• Start working as a QAA certified campus appointing key posts to run the programme. |
| 2021 | • Conduction academic and research activities as a quality accredited institution.<br>• |

Shree Jana Prakash Multiple Campus, Lekhnath-1, Bhandardhik